# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९, संख्याः १, मितिः २०८२/०३/१०

## भाग - १

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत् २०८२ सालको ऐन नंम्बर १

### शितगंगा नगरपालिकाको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक

**<u>प्रस्तावनाः</u>** शितगंगा नगरपालिकाको गत आर्थिक वर्षमा सिर्जित दायित्व भुक्तानी गर्न तथा चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रमहरु सञ्चालनलाई सहज बनाउन शितगंगा नगरपालिकाको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले शितगंगा नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशनबाट यो ऐन बनाइएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यस ऐनको नाम **शितगंगा नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८१** हुनेछ । यो ऐन शितगंगा नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् प्रारम्भ हुनेछ ।

२. **<u>विनियोजन ऐन, २०८१ को दफा मा २ मा संशोधन</u>** विनियोजन ऐन, २०८१ को दफा २ को सट्टा देहाय बमोजिमको दफा राखिएको छ ।

"आर्थिक वर्ष २०८१।०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च समेत गरी जम्मा रकम रु. ८७,४९,५१,०००( अक्षेरुपी रु. सतासी करोड उन्पचास लाख एकाउन्न हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।"

३. अनुसूची १ मा संशोधन गरी देहाय बमोजिम गरिएको छ ।

रु हजारमा

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिका, वडा र विषयगत समिति | ६३५८२६ | २३९१२५ | - | ८७४९५१ |

**प्रमाणिकरण मिति २०८२/०३/१०**

**आज्ञाले**
**मदन बहादुर जि.सी.**
**प्रमुख प्रशासकिय अधिकृत**